# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ३६
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल असार २२ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस र राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री बालकृष्ण खांणलाई समय दिनुहुँदा उहाँले शक्ति पृथककीकरण तथा सन्तुलन र नियन्त्रणको सिद्धान्त अनुरुप राज्यका तीनवटै अंग एक अर्काप्रति जिम्मेवार रहनुपर्ने, सरकार विधिको शासन बमोजिम चल्नु पर्ने, सरकारबाट अन्यायपूर्ण तरिकाले गरिएको हत्या हिंसाका सम्बन्धमा गृहमन्त्रीले सदनमा जवाफ दिनुपर्ने, सरकारले संविधान विपरित सदनमा दर्ता गराएका विधेयकहरु फिर्ता लिनुपर्दछ भन्नुभयो ।

तत्पश्चात मा० श्री प्रमोद साहले सर्लाही जिल्लाका खोलाहरुमा अवैध क्रसर उद्योगहरुले ठुलाठुला खाल्डा खनी जथाभावी रुपमा प्राकृतिक स्रोतको दोहन गरेको र त्यस्ता खाल्डाहरुमा सर्वसाधारण जनताका बच्चाहरु परेर मृत्यु हुँदा पनि स्थानीय प्रशासन उदासीन रहेको, उक्त घटनाको विरोध गर्दा सर्लाहीमा अन्धाधुन्ध गोली प्रहार गरेर सरकारले सर्वसाधारणको हत्या गरेकोले सो घटनाको छानविन गर्न र सो सम्बन्धमा सदनमा जानकारी गराउन सम्माननीय सभामुखबाट सरकारलाई रुलिङ्ग हुनुपर्दछ भन्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले सदनमा महत्वपूर्ण विषयहरु उठेको छ, सो सम्बन्धमा आगामी बैठकमा जानकारी गराउन सरकारको ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री अग्निप्रसाद सापकोटा
२. मा० श्री अतहर कमाल मुसलमान
३. मा० श्री अमनलाल मोदी
४. मा० श्री अमृता देवी अग्रहरी
५. मा० श्री अमृता थापा
६. मा० श्री ईन्दु कुमारी शर्मा
७. मा० श्री उमा रेग्मी
८. मा० श्री कलु देवी विश्वकर्मा
९. मा० श्री कुमारी मेचे
१०. मा० श्री कृष्ण प्रसाद दाहाल
११. मा० श्री कृष्ण बहादुर राई
१२. मा० श्री कृष्णभक्त पोखेल
१३. मा० श्री खेमप्रसाद लोहनी
१४. मा० श्री गगन कुमार थापा
१५. मा० श्री गौरी शंकर चौधरी
१६. मा० श्री घनश्याम खतिवडा
१७. मा० श्री चित्रलेखा यादव
१८. मा० श्री छक्कबहादुर लामा
१९. मा० श्री जुली कुमारी महतो

तत्पश्चात प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनभयो :-

१. मा० श्री पम्फा भुषाल
२. मा० श्री दिलेन्द्र प्रसाद बडू
३. मा० श्री लक्ष्मणलाल कर्ण
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री राजेन्द्रप्रसाद गौतम
६. मा० श्री चन्दा चौधरी
७. मा० श्री दुर्गा पौडेल
८. मा० श्री रामबहादुर विष्ट
९. मा० श्री निरु देवी पाल

त्यसपछि संघीय संसदका महासचिव श्री मनोहरप्रसाद भट्टराईले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारको लागि सन्देश सहित फिर्ता भएको राहदानी विधेयक सम्बन्धी पत्रको जानकारी बैठकलाई गराउनु भयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन २०७४/०७५" सदन समक्ष पेश गर्नुभयो ।

तत्पश्चात मा० कृषि तथा पशुपंछी विकास मन्त्री श्री चक्रपाणी खनालले "बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेश गर्नुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम "बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५" माथि कुनैपनि मा० सदस्यको विरोधको सूचना प्राप्त नभएकोले मा० कृषि तथा पशुपंछी विकास मन्त्री श्री चक्रपाणी खनालले "बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५" पेश गर्नुभयो ।

तदुपरान्त मा० कृषि तथा पशुपंछी विकास मन्त्री श्री चक्रपाणी खनालले "बिउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेश गर्नुभयो ।

तत्पश्चात प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम "बिउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५" माथि कुनैपनि मा० सदस्यको विरोधको सूचना प्राप्त नभएकोले मा० कृषि तथा पशुपंछी विकास मन्त्री श्री चक्रपाणी खनालले "बिउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७५" पेश गर्नुभयो ।

त्यसपछि मा० खानेपानी मन्त्री श्री विना मगरले "खानेपानी तथा सरसफाइ विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम "खानेपानी तथा सरसफाइ विधेयक, २०७५" माथि कुनैपनि मा० सदस्यको विरोधको सूचना प्राप्त नभएकोले मा० खानेपानी मन्त्री श्री विना मगरले "खानेपानी तथा सरसफाइ विधेयक, २०७५" पेश गर्नुभयो ।

तदनन्तर बैठक २०७६ साल असार २४ गते मंगलबार बिहान ११:०० बजे बस्नेगरी दिनको २:५० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव